**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ९८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख ११ गते शुक्रबार ❑ 24 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## सुरक्षाकर्मीको भूमिका प्रशंसनीय : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शान्ति सुरक्षासँगै विपद्मा सुरक्षाकर्मीले निर्वाह गरेको भूमिका प्रशंसनीय भएको बताउनुभएको छ।

गण्डकी प्रदेश सरकारको सहयोगमा नवनिर्मित गण्डकी प्रदेश प्रहरी कार्यालयको नवनिर्मित भवनहरूको बिहीबार पोखरामा उद्घाटन गर्दै उहाँले प्रहरी सङ्गठनले राज्य र नागरिकको सुरक्षाको गहन जिम्मेवारी बहन गर्दै आएको बताउनुभयो।

उहाँले हरेक घटनामा राज्यको प्रतिनिधिका रुपमा पहिलो उपस्थिति रहने सुरक्षा निकायलाई सरकारले साधन-स्रोत सम्पन्न र आधुनिक प्रविधिमा दक्ष बनाउन थप लगानी गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। संवैधानिक व्यवस्थाअनुसार गण्डकी प्रदेश सरकारले आफ्नो दायित्व र कर्तव्यबोधका साथ २०७५



सालमा स्थापना भएको गण्डकी प्रदेश प्रहरी तालिम केन्द्रको भौतिक पूर्वाधार निर्माण प्रारम्भ गरेको उहाँले जानकारी दिनुभयो।

नवनिर्मित कार्यालय, ब्यारेक, क्वाटर गार्ड, कार्यालय प्रमुख तथा वरिष्ठ अधिकृत निवास र मेस भवनको निर्माणसँगै प्रहरी संगठनको सीप, दक्षता र क्षमता थप सुदृढ हुने विश्वास व्यक्त गर्दै उहाँले भर्ना छनोट, आधारभूत तथा सेवाकालीन तालिम सञ्चालनमा यी संरचनाले महत्त्वपूर्ण सहयोग पुऱ्याउने बताउनुभयो। "यो तालिम केन्द्रले समय सापेक्ष प्रशिक्षण प्रणालीमार्फत तालिमको गुणस्तर अभिवृद्धि गर्दै पेसागत ज्ञान, सीप र दक्षतायुक्त सक्षम प्रहरी जनशक्ति उत्पादन गर्नेछ भन्ने अपेक्षा राखेको छु", उहाँले भन्नुभयो। अपराध नियन्त्रण, अनुसन्धान तथा मानवीय उद्धारमा नवीनतम प्रविधि र प्रक्रियाको प्रभावकारी प्रयोग गर्ने क्षमताको विकासमा समेत यो केन्द्र महत्त्वपूर्ण बन्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। प्रदेश सरकार स्थापना भएयता गण्डकी प्रदेशमा निर्माण सुरु भएका ३५ प्रहरी युनिटका भवनमध्ये ३४ वटा निर्माण सम्पन्न भइसकेको र एउटा अन्तिम चरणमा रहेको मुख्यमन्त्रीले जानकारी गराउनुभयो। सीमित साधन र स्रोतका बाबजुद पनि गण्डकी प्रदेश सरकारले शान्ति सुरक्षा र नागरिकप्रतिको दायित्वलाई उच्च प्राथमिकतामा राख्दै हरेक वर्ष करिब १५ करोड रुपैयाँभन्दा बढी बजेट सुरक्षा निकायका लागि विनियोजन गर्दै आएको उहाँले बताउनुभयो।

प्राविधिक प्रहरी नायब उपरीक्षक ई चीरञ्जिवी महतोका अनुसार कार्यालय पसिरमा कार्यालय भवन, समादेशक निवास, दुईवटा सिनियर अफिसर क्वाटरलगायत निर्माणका लागि मूल्य अभिवृद्धि करसहित छ करोड ४६ लाख १२ हजार ३२७ रुपैयाँका साथै छ दुई वटा ब्यारेक, दुईवटा मेस, क्वाटर गार्ड लगायतका संरचनाका लागि छ करोड ५५ लाख ४५ हजार ७१६ रुपैयाँ भुक्तानी भएको छ।

## धितोपत्रसम्बन्धी कसुरमा व्यवसायी शेखर गोल्छा पक्राउ

**रासस**
काठमाडौँ, १० बैशाख

हिमालयन रिइन्स्योरेन्स लिमिटेडका तत्कालीन अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष शेखर गोल्छालाई प्रहरीले बिहीबार पक्राउ गरेको छ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को टोलीले काठमाडौँको नागार्जुन नगरपालिका-८ बस्ने गोल्छालाई नक्सालबाट पक्राउ गरेएको हो। सिआइबीका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले नेपाल धितोपत्र बोर्डको प्रारम्भिक जाँचबुझ प्रतिवेदन समेतका आधारमा गोल्छालाई पक्राउ गरी अनुसन्धान थालिएको जानकारी दिनुभयो।




गोल्छालाई धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा ९४, ९५, ९६ को उपदफा (१) र दफा ९८ बमोजिम कसुरमा सोही ऐनको दफा १०३ को उपदफा (३) बमोजिम थप अनुसन्धान तथा कारबाहीका लागि नियन्त्रणमा लिएको प्रवक्ता श्रेष्ठले बताउनुभयो। धितोपत्र बोर्डको प्रारम्भिक जाँचबुझ प्रतिवेदन, २०८३ ब्यूरोमा प्राप्त हुन आएकाले सोही आधारमा आजै काठमाडौँ जिल्ला अदालतबाट अनुमति लिइ पक्राउ गरिएको सिआइबीले जानकारी दिएको छ।

## पोखरामा मुक्तक उत्सव २०८३ हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

मुक्तक मञ्च केन्द्रीय समितिले संस्था स्थापनाको १९ औं वार्षिकोत्सव सन्दर्भमा मुक्तक उत्सव २०८३ को आयोजना गर्ने भएको छ।

मञ्चको आयोजनामा यही वैशाख १२ गतेका दिन सम्पन्न हुने उक्त उत्सवमा अग्रज, युवा र नवपुस्ताका १९ जना मुक्तककारले नै मुक्तक सुनाउने संस्थाकी अध्यक्ष अम्बिका भण्डारीले जानकारी दिइन्।

उत्सवमा अग्रजतर्फ शान्तिनारायण श्रेष्ठ, काजी रोशन, दिलिप दोषी, सरस्वती श्रेष्ठ सरु, कृष्ण उदासी र लक्ष्मण थापाका उत्कृष्ट मुक्तक प्रस्तुत हुने जनाइएको छ। यस्तै युवापुस्तातर्फ रुपिन्द्र प्रभावी, सञ्जीव पौडेल, असफल गौतम, प्राञ्जल, टुकादेवी आचार्य, सागर तिम्सिना, राजेन्द्र घिमिरे, अर्जुन अधिकारी, शिव त्रिपाठी, मन क्षत्री, बिर्सना बस्नेत रहेका छन्। नव पुस्तामा आर्या त्रिपाठी र सिचु सारुले आफ्ना मुक्तक सुनाउने भएका हुन्।

संस्थाले सोही समारोहबीच निवर्तमान अध्यक्ष रामजीप्रसाद आचार्यलाई संस्थाको उद्घोष बमोजिम संस्थालाई केन्द्रीयस्तरमा विस्तार गरेको योगदानको कदर गर्दै विशेष सम्मान अर्पण गर्ने भएको छ।

संस्थाका नियमित मुक्तकवाचनमा सहभागी हुने तेजबहादुर तमू र उत्कृष्ट शाखातर्फ मकवानपुर शाखालाई सम्मानसमेत गर्ने संस्थाले जनाएको छ।

## पोखरामा प्रहरीको 'स्वीप अप्रेशन', एकैरातमा १२२ जना पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

जिल्ला प्रहरी कार्यालय, कास्कीले गएराति पोखराका पाँच ठाउँमा 'स्वीप अप्रेशन' चलाएको छ।

सो अप्रेशनका क्रममा अवैध गतिविधि गर्ने १२२ जनालाई नियन्त्रणमा लिइएको कार्यालयले जनाएको छ।

रातको समयमा होहल्ला गर्ने, सार्वजनिक शान्ति सुरक्षामा खलल पुऱ्याउने, गाँजालगायत अवैध लागुऔषध सेवन गर्नेलाई नियन्त्रणमा लिइएको कार्यालयका प्रहरी निरीक्षक एवं निमित्त सूचना अधिकारी गणेश पाण्डेले बताउनुभयो। "पक्राउ परेकामध्ये ८२ जनाले लागुऔषध सेवन गरेको पाइएको छ, केहीको साथमा गाँजासमेत फेला परेको छ", उहाँले भन्नुभयो, "बैदाम, रामबजार, शिशुवा, बगर र जिल्ला प्रहरी कार्यालय रहेको क्षेत्रमा एकैसाथ स्वीप अप्रेशन सञ्चालन गरिएको थियो।"

बैदाम क्षेत्रबाट ३९ जना, राजबजार क्षेत्रबाट ४० जना, शिशुवाबाट २० जना, बगरबाट १२ जना र जिप्रका आसपासबाट ११ जनालाई पक्राउ गरिएको प्रहरी निरीक्षक पाण्डेले जानकारी दिनुभयो। जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी युनिटबाट खटिएको टोलीले 'स्विप अप्रेशन' चलाएको हो।

गए राति पक्राउ पर्ने सबै पुरुष र त्यसमध्ये अधिकांश युवा उमेर समूहका रहेको उहाँको भनाइ छ। केही दिनअघि लेकसाइड क्षेत्रमा पर्यटकलाई दुःख दिने र ठगी गर्ने महिलाहरुलाई नियन्त्रणमा लिई कारबाही प्रक्रिया अगाडि बढाइएको छ।

## शिशुवा-खुदीखोला सडक उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

पोखरा महानगरपालिका वडा नं.३० शिशुवादेखि शिसाघाटसम्मको सडक खण्ड अन्तर्गत शिशुवा-खुदीखोला सडकको उद्धाटन गरिएको छ।

नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभागको समन्वय तथा विश्व बैङ्कको आर्थिक सहयोगमा पोखरा महानगरपालिकामा सञ्चालित नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत निर्मित उक्त सडकको नगर प्रमुख धनराज आचार्यले उद्धाटन गर्नुभएको हो।

सो अवसरमा नगर प्रमुख आचार्यले पोखरा विकास साझेदारहरूको लगानी र परियोजना सञ्चालनका लागि प्राथमिकतामा रहेको बताउनुभयो। "हामी आइसकेपछि नेपालमा जति पनि विकास साझेदारहरू छन्, ती सबै पोखरामा आएका छन्, नगर प्रमुख आचार्यले भन्नुभयो, यो





साना दुखले भएको चिज होइन, आज गएर ल हामीलाई यो गर्दिनुस् न भनेर भोलि पल्ट भएको पनि होइन।" पोखरामा हाल ३३ अर्ब बढीका परियोजनाहरू सञ्चालन रहेको उहाँले बताउनुभयो। शिशुवाचोकदेखि खुदिखोलासम्मको सडक निर्माण सम्पन्न गरेको विश्व बैङ्क कै सहयोगमा उक्त सडकको दोस्रो चरण समेत निर्माण कार्य अगाडी बढ्ने अपेक्षा व्यक्त गर्नुभयो।

तालचोक बेगनास सडक निर्माणमा भइरहेको ढिलाइ प्रति उहाँले गहिरो चिन्ता व्यक्त गर्नुभयो। आयोजना सञ्चालनका क्रममा देखा परेका विभिन्न बाधा तथा अवरोध लगायतका कारण निर्माण कार्य विलम्ब भइरहेको उहाँले बताउनुभयो। उक्त सडक निर्माणका लागि अन्तिम पटक म्याद थपिएकाले सो अवधि भित्र काम सम्पन्न गर्ने गरी समन्वय, सहयोग र सकारात्मक खबरदारी गरिदिन उहाँले आग्रह समेत गर्नुभयो। रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले पोखरा महानगरपालिकाको दिगो विकास निर्माण तर्फको यात्रा सह्रानीय रहेको बताउनुभयो। पोखरा महानगरपालिकाको छिमेकी पालिका भएको नाताले रुपा गाउँपालिका दिगो विकासका अभियानहरूमा हातेमालो गर्न तयार रहेको बताउनुभयो।

ऐतिहासिक मार्गका रूपमा स्थापित शिशुवा सिसाघाट अन्तर्गत शिशुवादेखि खुदीखोलासम्मको सडक नमुना सडकका रूपमा निर्माण भएको बताउनुभयो।

प्रमुख प्रशासकीय अधिकृत मुक्तिराज अर्यालले पोखरा महानगरपालिका नागरिकहरूको अपेक्षा अनुसार सेवामा पहुँचका पूर्वाधारहरू निर्माणमा प्रतिबद्ध रहेको बताउनुभयो। लेखनाथ उद्योग वाणिज्य सङ्घका पूर्व अध्यक्ष बाबुराम गिरीले सकारात्मक सोचको विकासमा जोड दिनुभयो। पोखरा महानगरपालिकाको पूर्वाधार विकास समितिका संयोजक

बाँकी अन्तिम पृष्ठमा ▶▶



# महिला उद्यमीका लागि आयकर र भ्याटबारे प्रशिक्षण

पोखरापत्र संवाददाता
पोखरा, १० बैशाख




पोखरा उद्योग वाणिज्य संघले उद्योगी/व्यवसायीका निम्ति आयकर तथा मूल्यअभिवृद्धि करसम्बन्धी तालिम दिने उपक्रममा महिला उद्यमीहरुलाई समेटेको छ।

बुधबारबाट सुरु भएको सो तालिममा पोखरा र यस क्षेत्रमा रहेका झण्डै १ सय जना महिलाहरुको सहभागिता रहेको थियो। सो तालिममा सिए विवेक श्रेष्ठले करका विविध आयामबारे तथा मानव सेवा आश्रम पोखराका प्रमुख रामजी अधिकारीले सहभागीहरुलाई स्वस्थ मन र शरीर निर्माणका लागि अपनाउनुपर्ने जीवनशैलीबारे प्रशिक्षण दिएका संघकी महासचिव शोभा गौतमले बताइन्। कार्यक्रमको सुरु तथा समापनको अवसरमा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले उद्योगी/व्यवसायीको हितका निम्ति संघले संचालन गरेका गतिविधिबारे जानकारी दिएका थिए भने नयाँ व्यवसाय सुरु गर्न इच्छुकलाई सघाउन संघ सदैव तयार रहेको बताएका थिए।

पोखरा उद्योग वाणिज्य संघले जर्मन सहयोग संस्था जीआइजेडको दीगो विकासका लागि राजश्व सुधार परियोजना (आरएसआरएसडी) को सहयोगमा सो तालिम आयोजना गरेको हो।

बिहीबार तालिम समापनको अवसरमा संघका अध्यक्ष गोकर्ण कार्कीसहित प्रमुख अतिथि मानव सेवा आश्रम पोखराका प्रमुख रामजी अधिकारीलगायत संघका पदाधिकारी र कार्यसमितिका सदस्यहरुले सहभागीहरुलाई प्रमाणपत्र वितरण गरेका तालिम संयोजक तथा संघकी महासचिव शोभा गौतमले जानकारी दिइन्।



चरन क्षेत्र तर्फ जाँदै गरेका याक र चौंरी : मुस्ताङको थासाङ गाउँपालिका-२ स्थित बोक्सी खोलाको चरन क्षेत्र तर्फ जाँदै गरेका याक र चौंरी। तस्बिर : सुन्दरकुमार थकाली/रासस

# भद्रकाली क्याम्पसमा वार्षिक खेलकुद सुरु

पोखरापत्र संवाददाता
पोखरा, १० बैशाख



भद्रकाली बहुमुखी क्याम्पस परिसरमा उत्साह र उमंगका बीच विहीवारदेखी वार्षिक खेलकुद कार्यक्रम सुरु भएको छ।

क्याम्पस सञ्चालन समितिका अध्यक्ष जय प्रसाद सापकोटाले भलिबलका प्रमुख रेफ्री दिलीप गुरुङलाई बल हस्तान्तरण गरेर खेलकुद सुरु गरिएको हो। क्याम्पस प्रमुख नवराज रेग्मीले विद्यार्थीहरूलाई हार्दिकताका साथ खेलकुदमा सहभागी हुन र कार्यक्रमलाई सफल बनाउन अनुरोध गरे। वैशाख १०, ११ र १४ गते गरी तीन दिनसम्म सञ्चालन हुने यस खेलकुद कार्यक्रममा छात्र छात्रा दुवै समूहका लागि भलिबल, बास्केटबल, फुटसल, डोरी तान्ने र छेलो लगायतका खेलहरू समावेश गरिएका छन्। क्याम्पस अतिरिक्त क्रियाकलाप संयोजक बुद्धिसागर सापकोटा र सह-संयोजक नरेन्द्र घिमिरेले सम्बन्धित खेलका संयोजकहरू शिशिर ढुंगाना, नरेश तिमिल्सिना, गोविन्द गौतम, उमेश आचार्य र डम्बर क्षेत्रीलाई खेल व्यवस्थापनका फाइलहरू हस्तान्तरण गर्दै कार्यक्रमलाई व्यवस्थित बनाइएको छ।

पहिलो दिनको खेलमा छात्रा डोरी तान्नेमा बिबिएस तेस्रो वर्षकी कृति गुरुङको समूह प्रथम, छात्र डोरी तान्नेमा बिबिएस प्रथम वर्षका सन्तोष तामाङको समूह प्रथम र बिबिएस दोस्रो वर्षका सुनिल कार्कीको समूह दोस्रो भए। छात्र भलिबलमा पनि सन्तोष तामाङको समूहले विजय हात पारेको छ। छात्रा छेलोमा बिबिएस दोस्रो वर्षकी सुस्मिता बराल प्रथम, सन्ध्या गुरुङ दोस्रो र बिए दोस्रो वर्षकी मोनिका गुरुङ तेस्रो हुन सफल भइन्।

खेलकुदको यो रोमाञ्चक यात्रामा शुक्रवार विहान छात्र छेलो, छात्रा भलिबल तथा छात्र-छात्रा बास्केटबलका खेलहरू हुने छ। कार्यक्रममा क्याम्पसका शिक्षक, कर्मचारी, विद्यार्थी कल्याणकारी क्लबकी अध्यक्ष सुस्मिता बराल तथा क्लबका पदाधिकारी र सदस्यहरू, साथै बिबिएस र बिए कार्यक्रमका विद्यार्थीहरूको उत्साहपूर्ण उपस्थिति रहेको सहायक क्याम्पस प्रमुख नारायणप्रसाद सापकोटाले पोखरापत्रलाई वताए।

# पोखरा २८ मा मानव वेचविखन विरुद्धको स्थानिय समिती गठन

पोखरापत्र संवाददाता
पोखरा, १० बैशाख




महिला तथा बालबालिकाको सवालमा काम गर्दै आईरहेको संस्था बाल तथा महिला सशक्तिकरण समाज नेपाल कास्कीको आयोजना तथा गुड सेफर्ड इन्टरनेशनल फाउण्डेसन नेपालको आर्थिक तथा प्राविधिक सहयोग र वडा कार्यालय पोखरा २८ को समन्वयमा 'मानव वेचविखन विरुद्धको स्थानिय समिती गठन' गरिएको छ।

पोखरा २८ को कार्यालयमा आयोजित भेलाले वडा अध्यक्ष श्रीकृष्ण लामीछानेको संयोजकत्वमा १३ सदस्यीय समिती गठन गरेको छ। समितीको सदस्यहरुमा वडा सदस्य डाल्डादेवि भुजेल, ऋखुमाया कुइकेल, तिलु लामिछाने, कलावति भुर्तेल, सिद्धी रावत, मनोहरी पौडेल, प्रहरी सहयक हवल्दार दिनेश गुरुङ्ग, गगां देवि सापकोटा पौडेल, राधिका देवि पौडेल, रामकृष्ण त्रिपाठी रमा तिवारी रहेका छन् भने सदस्य सचिवमा वडाका सचिव महेश्वर अर्याल रहेका छन्। कार्यक्रममा पोखरा २८ का वडा अध्यक्ष श्रीकृष्ण लामीछानेले गठन भएको समितीका पदाधिकारीहरुलाई बधाई ज्ञापन गर्दै समिती निर्माण गर्नु र समितीमा छनोट हुनु ठुलो कुरा होइन यस समिती जुन सोचले गठन भएको छ सोही अनुरुप क्रियाशिल हुदै मानव वेचविखनका विभिन्न सवालहरूमा अगाडी बढ्नका लागी अनुरोध गरेका थिए।

परीयोजना कार्यक्रम संयोजक इन्दिरा पराजुलिले आस्था परीयोजनाको कार्यक्षेत्र, यसको उद्धेश्य र यो परीयोजना मार्फत मानव वेचविखनको सवालमा गरीने विभिन्न समन्वयकारी भुमिका तथा यस परीयोजना मार्फत प्रभावित व्यक्तिहरुलाई गरीने सहयोग र त्यसले परीवारमा पुर्नस्थापनाका लागी गर्ने सक्रिय भुमिकाको बारेमा बताएकी थिइन्। आयोजक संस्था बाल तथा महिला सशक्तिकरण समाज नेपालका अध्यक्ष मिना लिगलले संस्था मार्फत महिला तथा बालबालिकाको सवालमा शिक्षा, स्वास्थ्य, आर्थिक, सामाजिक तथा राजनैतिक अधिकारको आयामहरुमा के कसरी कार्यक्रमहरु गर्दै आईरहेको छ भन्ने बारेमा जानकारी गराएकी थिइन्। कार्यक्रमको सञ्चालन वडा सदस्य डाल्डादेवि भुजेलले गरेकी थिइन्।

# गण्डकी प्रदेशस्तरीय भलिबल प्रतियोगिता तनहुँमा हुने

पोखरापत्र संवाददाता
पोखरा, १० बैशाख

जिल्ला खेलकुद विकास समिति तनहुँको सदरमुकाम दमौलीमा गण्डकी प्रदेश अन्तरजिल्ला स्तरीय महिला तथा पुरुष भलिबल प्रतियोगिता आयोजना हुने भएको छ।

आज यहाँ बुधबार पत्रकार सम्मेलन आयोजना गरी यही वैशाख २६ र २७ गते व्यास नगरपालिका-३ खुल्ला मैदानमा अन्तरजिल्ला स्तरीय भलिबल प्रतियोगिता हुन लागेको जानकारी दिइएको हो।

पत्रकार सम्मेलनमा दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि गण्डकी प्रदेशको समूह छनोटका लागि यहाँ प्रदेशस्तरीय प्रतियोगिता आयोजना गर्न लागिएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष अनिल पाण्डेले जानकारी दिनुभयो। प्रतियोगिताबाट गण्डकी प्रदेशको महिला र पुरुषको सशक्त समूह छनोट गरिने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "दशौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी हुन यहाँ आएर खेल्नैपर्छ। यहाँ खेलेका खेलाडीबाट समूह बनाइनेछ।"

प्रतियोगितामा गण्डकी प्रदेशका ११ वटै जिल्लाबाट महिला तथा पुरुष खेलाडीको सहभागिता रहनेछ। दक्ष भलिबल खेलाडी उत्पादन र क्षमता विकास गर्ने उद्देश्यसहित प्रतियोगिता आयोजना गर्न लागिएको पाण्डेले उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "तनहुँमा भलिबल निकै लोकप्रिय खेल हो। यसले खेल पर्यटन प्रवर्द्धन गर्ने लक्ष्य राखेका छौँ।"

छनोट खेल भएकाले प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु ३० हजार, रु २० हजार र रु १५ हजार नगद प्रदान गरिने समितिका अध्यक्ष पाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार प्रतियोगितामा महिला र पुरुष गरी दुई सय ४० खेलाडी, २० प्रशिक्षक, २० अफिसियल उपस्थित हुनेछन्।

कार्यक्रम सम्पन्न गर्नका लागि रु २५ लाख ४६ हजार लाग्ने अनुमान गरिएको छ। खर्च व्यवस्थापन गण्डकी प्रदेश खेलकुद परिषद् र अन्य सरोकार भएका निकायबाट गरिने पाण्डेले बताउनुभयो।

## शिशुवा ...

नरेन थापाले महानगरपालिका समग्र महानगरको समानुपातिक र समावेशी विकासका सिद्धान्तहरूको आधारमा अगाडी बढेको बताउनुभयो।

पोखरा महानगरपालिका वडा नं. ३० का वडा अध्यक्ष दुर्गाप्रसाद सुवेदीले विकास अभियानमा साथ दिने सबै नागरिक तथा सरोकारवालाहरूलाई धन्यवाद दिनुभयो। लेखनाथ उद्योग वाणिज्य सङ्घकी अध्यक्ष जानुका पराजुलीले सडक निर्माण भए पनि त्यस क्षेत्रका उपभोक्ताहरूलाई निकै सहज हुने बताउनुभयो।

आयोजनाका फोकल पर्सन इ.नवीन गौतमका अनुसार शिशुवादेखि खुदी खोला पुलसम्मको करिब ४.१४ किलोमिटर सडक निर्माण भएको हो। विश्व बैङ्कको ३४ करोड ११ लाख २० हजार दुई सय ९५ रुपैयाँ आर्थिक सहयोगमा सडक निर्माण भएको हो। सडक नालीसहित १५ मिटर डबल लेन, ७ मिटर सपोट बाटो, १.५ मिटर साइकल ट्र्याक र २.५ मिटर फुट ट्र्याक रहेको छ।


कला जोगाऔं, संस्कृति बचाऔं।

◆ कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
◆ चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
◆ स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं,
◆ हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
◆ विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
◆ सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
◆ युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
◆ कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
◆ सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
◆ कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुर्‍याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# तनहुँमा इ-पेन्सन सेवा सुरु

पोखरापत्र संवाददाता
दमौली, १० बैशाख

सङ्घीय सरकारको अर्थ मन्त्रालयले सुरु गरेको इ-पेन्सन सेवा तनहुँबाट कार्यान्वयनमा आएको छ।

जिल्लामा सुरु गरिएको सेवाअन्तर्गत भानु नगरपालिकाबाट निवृत्त शिक्षा अधिकारी ध्रुवराज पौडेल पहिलो सेवाग्राही बन्नुभएको छ। निवृत्तीभरण अधिकारपत्र प्राप्त गर्दै पहिलो सेवाग्राही बन्न पाउँदा गोरवान्वित महसुस गरेको पौडेलले प्रतिक्रिया दिनुभयो।

उहाँका अनुसार अब कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) मार्फत अधिकारपत्रसँगै सञ्चित बिदाको रकम र उपचार खर्चसमेत एकै ठाउँबाट प्राप्त गर्न सकिने व्यवस्था भएको छ। यसले समय, श्रम र खर्च बचत हुनुका साथै सूचना प्रविधिको प्रभावकारी प्रयोगमार्फत सेवा प्रवाहलाई थप सहज बनाएको उहाँले बताउनुभयो। कोष तथा लेखा नियन्त्रण कार्यालय तनहुँ (कोलेनिका) का प्रमुख अशोकराज खनालले इ-पेन्सन सेवा सेवाग्राहीमैत्री र पारदर्शी बनाउने उद्देश्यले सुरु गरिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "डिजिटल माध्यमबाट पेन्सनसम्बन्धी सेवा प्रवाह गर्दा सेवाग्राहीले छिटो, सहज र झन्झटमुक्त सेवा पाउनेछन्। यसले सुशासन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास लिएका छौँ।"


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफूले कमाउनु भन्दा कम खर्च गर्ने गर ।
– पल क्लिथेरोई

## सम्पादकीय

# संसद अधिवेशन स्थगन अपरिपक्व

संघीय संसदको अधिवेशन  आव्हान भएको भोलिपल्टै स्थगित भएको छासमा राषपति रामचन्द्र पौडेलले बुधबार वैशाख १७ गते दिउँसो २ बजेका लागि दुवै सदनको आह्वान गरेका थिए । तर, बिहीबार साँझ नै स्थगित गरे । राष्ट्रपति कार्यालयले जारी गरेको विज्ञप्तिमा विशेष कारणबस भनिएको छ । न त सकारले नै अधिवेशन स्थगितको कारण खुलाएको छ । मंगलबारको मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अधिवेशन आह्वान गरेको पत्रमा उल्लेख छ । तर, सरकारले न त अधिवेशन आह्वानको निर्णय सार्वजनिक गऱ्यो न त स्थगितको नै । सरकारका अनुसार बजेट अधिवेशनको तयारी नपुगेका कारण स्थगित गर्नुपरेको छ । सरकारले जनतालाई छानेर मात्र सूचना दिने शैली अपनाउन खोजेको छ ।

बिहीबार मध्याह्न बसेको मन्त्रिपरिषद्को बैठकपछि सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले सरकारका अरु निर्णय सुनाए । तर, अधिवेशन स्थगितका लागि सिफारिस गरिएको निर्णय सुनाएनन् । सरकारका निर्णय प्रधानमन्त्री बालेन्द्र शाहको जानकारी बेगर सार्वजनिक हुन सक्दैन । अघिल्लो दिन आह्वान र भोलिपल्टै स्थगितको विषयप्रति विभिन्न टिकाटिप्पणी भइरहेको छ । राजनीतिक दलहरुले नेपालको संसदीय इतिहासमा नै नौलो घटना भएको भन्दै आपत्ति जनाएका छन् । कतिपयले शनिबार र आइतबार दुई दिनभित्र सुकुम्वासी हटाउन लागिएको र त्यसबाट पर्ने असरलाई मध्यनजर गर्दै सरकारले अधिवेशन नै स्थगित गरेको आकलन गरेका छन् भने केहीले अध्यादेशको तयारी भनेका छन् ।

सरकारको अपरिपक्वताले गम्भीर प्रश्न सिर्जना गरेको छ । अधिवेशन आह्वानको विषय सरकारकै भए पनि स्थगित गर्नुको कारण नखुलाउनुले शंसय पैदा गरेको छ । कारण प्रष्ट नपारी अधिवेशन स्थगितको निर्णय गर्नुले सरकारको नियत राम्रो देखिदैन । "संसदीय इतिहासमा भएको नौलो घटना हो । आह्वान भइसकेको अधिवेशन एक्कासी यसरी स्थगित हुँदैन । अधिवेशन स्थगितको कारणबारे सरकारले प्रस्ट पार्नुपर्थ्यो । "सरकार पछिल्ला जनविरोधी कामबारे सदनमा सामना गर्ने हैसियत नभएर जनतालाई छल्ने  नियत राखेको विपक्षीदलहरुको आरोप छायस्तो केटाकेटीपन कहिलेसम्म? बालेन्द्र शाहले नेपाल सरकारको हैसियत नै नगरपालिका सरह बनाउनेतर्फ लैजाँदै छन् ।"

"सरकारको काम गर्ने तरिका गैरजिम्मेवार भयो नै । संवैधानिक व्यवस्थामाथि नै चुनौती सिर्जना गरेको छा, प्रिबजेट छलफलका बेला अधिवेशन स्थगितको निर्णय गरेर सरकार जनताको कुरा सुन्न तयार देखिदैन । सरकारले केही अध्यादेश ल्याउनका लागि पनि सदन स्थगितको निर्णय भएको आशंका समेत व्यक्त भइरहेको छ । संसदीय मामलाका जानकारहुले पनि सरकारको निर्णय स्वभाविक ठानेका छैनन् । एक दिन आह्वान गर्ने र अर्को दिन रोक्ने कुरा स्वाभाविक होइन । "संसदको अधिवेशन आह्वान जस्तो महत्वपूर्ण सिफारिस एकदिन गरेर अर्कोदिन रोक्ने कुरा  केटाकेटी पन हो।"यसरी स्थगन गरेपछि त्यसको कारण पारदर्शी रुपमा आम नागरिकले जान्न पाउनुपर्थ्यो ।" "अधिवेशन आह्वान गरेर फेरि त्यसलाई तुरुन्तै फिर्ता गरेको रेकर्ड छैन । परिस्थितिले त्यस्तो गराउने गर्दछ । तर, निर्णयमा परिस्थिति उल्लेख गरेको छैन,"। अध्यादेश ल्याउन गरेको हो भने राम्रो मानिँदैन ।

# भिरबाट लडेर सात वर्षीया बालिकाको मृत्यु

पोखरापत्र संवाददाता
बागलुङ, १० बैशाख

भिरबाट लडेर एक बालिकाको मृत्यु भएको छ । निसीखोला गाउँपालिका-२ अर्नकोटकी ७ वर्षीया एलिना विककाे मृत्यु भएको हो ।

विक आफ्नै घर नजिकको बारीमा बाख्रा चराउने क्रममा आज दिउँसो ३:०० बजेतिर लडेर मृत्यु भएको इलाका प्रहरी कार्यालय बुर्तिबाङ्का प्रहरी निरीक्षक तिलक मानन्धरले जानकारी दिनुभयो ।

भिरबाट लडेकी विकको घटनास्थलमा नै मृत्यु भएको हो । विक करिब ५० मिटर तल खसेको प्रहरीले जनाएको छ ।

# पन्ध्र शैयाको 'व्यास नगर अस्पताल' भवन निर्माण सम्पन्न

पोखरापत्र संवाददाता
तनहुँ, १० बैशाख

यहाँस्थित व्यास नगरपालिका-१० दुम्सीबजारमा १५ शय्याको 'व्यास नगर अस्पताल' भवन निर्माण सम्पन्न भएको छ ।

व्यास नगर प्रमुख बैकुण्ठ न्यौपानेले भवनको बुधबार शुभारम्भ गर्नुहुँदै नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकता दिएर आवश्यक जनशक्ति र उपकरणसहित व्यवस्थापनमा ध्यान दिएको बताउनुभयो । व्यास नगरपालिकाका योजना शाखा प्रमुख डा राजु पौडेलले अस्पताल भवन रु ९६ लाख ३८ हजारको लागतमा निर्माण सम्पन्न भएको र उपकरणसहित हाल कूल रु दुई करोड ६६ लाख लागत पुगेको जानकारी दिनुभयो । अस्पतालका प्रमुख मेडिकल अधिकृत डा नविना न्यौपानेले स्थानीयस्तरमै सेवा विस्तार हुनुले बिरामीलाई बाहिर जानुपर्ने बाध्यताको अन्त्य हुने विश्वास लिएको बताउनुभयो ।

# नीति, कार्यक्रम र बजेटमा बालबालिकालाई प्राथमिकता दिइने

रासस
काठमाडौं, १० बैशाख

सङ्घीय संसद् र प्रदेशसभाका सदस्यहरुले सरकारको आगामी नीति, कार्यक्रम र बजेटमा बालबालिका क्षेत्रलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

सांसदहरुले बालअधिकार मुखी बजेट र नीतिगत व्यवस्थाका लागि आफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दै बाल संरक्षणका कार्यक्रम कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभएको हो । बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) ले बिहीबार सांसदहरूसँग आयोजना गरेको छलफल कार्यक्रममा विभिन्न पार्टीका सांसदहरूले बालबालिका र शिक्षामा हुने लगानी भविष्यको सुनिश्चितता भएकाले यस क्षेत्रमा बजेट वृद्धि हुनुपर्नेमा जोड दिनुभयो । बालबालिका क्षेत्रमा बजेट वृद्धि गर्ने, बालविवाह अन्त्यसम्बन्धी कार्ययोजनाको कार्यान्वयन, बालमैत्री स्थानीय शासनको प्रवर्द्धन, विद्यालय खाजा कार्यक्रमको वृद्धि, बाल पोषण भत्ता वृद्धि र देशभर विस्तार, बालबालिकासम्बन्धी ऐन र विद्यालय शान्ति क्षेत्र निर्देशिकाको संशोधनलगायत विषयमा सांसदहरुको समान मत रहेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधिसभा सदस्य भूमिका श्रेष्ठले यौनिक तथा अल्पसङ्ख्यक बालबालिकाको सवाललाई प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

नेपाली काँग्रेसका प्रतिनिधिसभा सदस्य बासना थापाले बालअधिकारका लागि भएका अन्तर्राष्ट्रिय अभिसन्धी, नेपालको संविधान र विद्यमान ऐन अनुसार उचित बजेट र कार्यक्रम ल्याइनुपर्ने बताउनुभयो । नेकपा (एमाले) का राष्ट्रियसभाका सदस्य रोशनी मेचेले छलफलमा आएका अधिकारमुखी र सकारात्मक सुझावहरुलाई सदनमा आवाज उठाइने बताउनुभयो । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का गणेश विकले बजेट निर्माणमा सांसदहरुको भूमिकालाई महत्व दिइनुपर्ने र बालबालिका क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधिसभा सदस्य सरस्वती लामाले बाल विवाह अन्त्य, बाल हिंसाको अन्त्यजस्ता सवालमा सरकार गम्भीर हुनुपर्ने बताउनुभयो । छलफलमा राष्ट्रिय स्वतन्त्र पार्टीका ज्ञानु पौडेल, राजन गौतम, काँग्रेसका निनुकुमारी कर्ण, एमालेका साजिदा खातुन सिद्धिकी, एशुदाकुमारी बराल, नेकपाका पार्वती विकलगायत प्रतिनिधिसभा, राष्ट्रियसभा र बागमती प्रदेशसभाका गरी ३६ सांसद सहभागी हुनुहुन्थ्यो ।

# एक लाख ३४ हजार पर्यटकद्वारा गोरखा सङ्ग्रहालयको अवलोकन

पोखरापत्र संवाददाता
गोरखा, १० बैशाख

गत वर्ष २०८२ मा एक लाख ३३ हजार ९९१ जनाले गोरखा सङ्ग्रहालयको अवलोकन गरेका छन् ।

नेपाल एकीकरणको उद्गम थलोका रुपमा रहेको गोरखामा ऐतिहासिक विषयमा अध्ययन गर्न आउने पर्यटकको सङ्ख्या बर्षेनी बढ्दै गएको सङ्ग्रहालयका प्रमुख जयनारायण कार्कीले जानकारी दिनुभयो । गत वर्ष रु ३० लाख ४५ हजार राजस्व सङ्कलन भएको उहाँले बताउनुभयो । "सङ्ग्रहालयको बनोट, यहाँ भएका विषयवस्तु, शाह वंशको इतिहास, नेपाल एकीकरण लगायतका बारेमा अध्ययन गर्न आउने गरेका छन्," प्रमुख कार्कीले भन्नुभयो । गत वर्ष सङ्ग्रहालय अवलोकन गर्न ४४ हजार ७० विद्यार्थी यहाँ आएका थिए । सङ्ग्रहालय घुम्न आउने आमनागरिकको सङ्ख्या भने ८७ हजार २१९ रहेको थियो । प्रमुख कार्कीका अनुसार यहाँ घुम्न आउनेमा सार्क राष्ट्रका १६० र अन्य विदेशी मुलुकका दुई हजार ५४२ जना रहेका छन् । बर्सेनि यहाँ विद्यार्थीसँगै पर्यटकको सङ्ख्या बढ्दै गएको छ ।

सङ्ग्रहालय अवलोकनवापत विद्यार्थीले रु १०, अन्य नेपाली नागरिकले रु २५, सार्क राष्ट्रका नागरिकले रु ५० र अन्य देशका नागरिकले रु १०० शुल्क तिर्नुपर्छ । सङ्ग्रहालय साताको सबै दिन खुल्ने व्यवस्था गरिएको प्रमुख कार्कीले जानकारी दिनुभयो ।

# काठमाडौँमा वायु प्रदूषण ह्वात्तै बढ्यो, स्वास्थ्य जोखिम बढ्दो

रासस
काठमाडौं, १० बैशाख

काठमाडौँ उपत्यकामा वायु प्रदूषण पुनः तीव्र रूपमा बढ्न थालेको छ । पछिल्ला केही दिनयता सुधार देखिएको वायु गुणस्तर अचानक खस्किँदै 'धेरै अस्वस्थ' तहमा पुगेको छ ।

एयर क्वालिटी इन्डेक्स (एक्युआई)का अनुसार मङ्गलबार दिउँसो करिब ९२ को हाराहारीमा रहेको वायु गुणस्तर सूचकाङ्क आज बिहान ११:०० बजेसम्म बढेर २४७ पुगेको छ । यो स्तर 'धेरै अस्वस्थ' श्रेणीमा पर्छ, जसले सर्वसाधारणको स्वास्थ्यमा गम्भीर असर पार्न सक्ने विज्ञहरू बताउँछन् ।

एक्युआईको मापदण्डअनुसार ०-५० सम्म 'राम्रो', ५१-१०० 'मध्यम', १०१-१५० 'अस्वस्थ', १५१-२०० 'सबैका लागि अस्वस्थ', २०१-३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ । वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीका अनुसार वर्षा नहुनु, बढ्दो सुक्खा, कृषि अवशेष जलाउने प्रवृत्ति तथा वन डढेलो का घटनाले वायु प्रदूषण बढाउन मुख्य भूमिका खेलेका छन् । "अहिले वर्षा नभएर सुक्खा बढ्दो अवस्थामा छ, यसले धुलो र धुवाँ वायुमण्डलमा थुप्रिन मद्दत गरेको छ", उहाँले भन्नुभयो, "वर्षा भएमा हावामा रहेका कणहरू जमिनमा बस्छन् र प्रदूषण घट्छ, तर अहिले त्यो अवस्था छैन ।" उहाँका अनुसार सम्बन्धित निकायलाई दिगो तथा वातावरणमैत्री विकासका उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गरिएको छ । यस्तै, जल तथा मौसम विज्ञान विभागका मौसमविद् बिनु महर्जनले आगामी तीन दिनसम्म उल्लेखनीय वर्षाको सम्भावना नरहेको र तापक्रम अझै बढ्ने सङ्केत देखिएको जानकारी दिनुभयो । "वर्षा नहुँदा वायुमण्डल सफा हुन सक्दैन, जसले प्रदूषण थप बढाउने सम्भावना रहन्छ", उहाँले भन्नुभयो । विज्ञहरूले विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक तथा श्वासप्रश्वास र मुटु रोगीलाई सतर्कता अपनाउन आग्रह गरेका छन् । अत्यावश्यकबाहेक बाहिर ननिस्कन, मास्क प्रयोग गर्न र धुलो-धुवाँबाट जोगिन सुझाव दिइएको छ ।

# सुस्मिताले भारतमा प्रोफेसनल किक बक्सिङ खेल्ने

पोखरापत्र संवाददाता
पोखरा, १० बैशाख




मुआथाइमा चम्किरहेकी नेपाली खेलाडी सुस्मीताले भारतमा प्रोफेसनल किक बक्सिङ खेल्ने भएकी छन् । सुस्मिताले आगामी मे ९ मा के-वान फाइट खेल्ने भएकी हुन् ।

भारतको गुजरातमा पुराना राजदरवारियाहरुको आयोजनामा रोनिन फाइट च्याम्पियनसिपका आयोजना हुँदैछ । व्यवसायिक उक्त फाइटमा सुस्मिताले आरती खत्रीसँग भिड्ने भएकी हुन् ।

किक बक्सिङ मिश्रित उक्त फाइट सुस्मिताको लागि नयाँ अनुभव हो । यसले सुस्मितालाई व्यवसायिक मुआथाइको यात्रा थाइल्याण्डसम्म पुऱ्याउन मद्धत गर्ने उनका प्रशिक्षक खगेन्द्र क्षेत्रीले बताए । के-वान फाइटमा किक बक्सिङको भन्दा केहि फरक हुनेछ ।

यसमा युएफसीमा प्रयोग हुने चार आउन्ड्स ग्लब्स (खेलाडीले लगाउने पन्जा) को प्रयोग गरिनेछ भने प्रतिस्पर्धा ५ मिनेटमा ३ राउन्डको हुनेछ । 'यो हाइ लेभलको राउन्ड फाइट हो । सुस्मिताले अहिलेसम्म चार आउन्ड्स ग्लब्सको अनुभव गरेको छैन यो उनको लागि पहिलो हो' प्रशिक्षक क्षेत्रीले भने, 'सुस्मिता गण्डकी प्रदेशकी खेलाडी हुन् । उनी अब व्यवसायिक खेलाडी बन्ने गतिमा छन् । हाम्रो टार्गेट भनेकै थाइल्याण्ड हो ।'

उक्त च्याम्पियनसिपको विजेताले एक लाख रुपैयाँ पुरस्कार पाउनेछन् । सुस्मिता भारतमा फाइटका लागि चर्चित छिन् । उनले यस अघि समेत भारतमा आफ्नो खेल देखाइ सकेकि छन भने चीन, जापान, मलेसियामा समेत उनलाई बोलाएपछि रकम अभावका कारण खेल्न जान नसकेको प्रशिक्षक क्षेत्रीको भनाइ छ । त्यो बाहेक श्रीलंका भारत र नेपालमै सुस्मिताले मुआथाई, तेक्वान्दोसँगै अन्य विभिन्न फाइटहरुमा समेत प्रतिस्पर्धा गर्दै आइरहेकी छिन् ।

सुस्मिताले आर्थिक सहयोग पाउन सकेमा अन्तर्राष्ट्रिय स्तरमा ठूलो सफलता हात पार्न सक्ने देखिएको छ । सुस्मिताले हालसम्म मुआथाईमा कुनै पनि खेलमा हार व्यहोर्न परेको छैन् ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

## पेन्सनपट्टा हरायो

मिति २०८२ चैत २५ गते शिशुवाचोकबाट पृथ्वीचोक जाँदै गर्दा मेरो पेन्सन पट्टा हराएको हुँदा भेटाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न सम्पर्कमा खबर गरिदिनुहोला ।
नाम : Man Bahadur Darjee
आर्मी नं. : 74031
TS No : C-34250
PPO No. : 234989400706
Contact : 9703935832

## कम्पनी खारेज सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३/०१/११ गते

मध्यपुर इन्भेष्टमेन्ट कम्पनी प्राइभेट लिमिटेड (दर्ता नम्बर ५३३९६) मध्यपुर थिमी नगरपालिका-१५, भक्तपुर (प्यान नम्बर : ३०२८६६८८३)लाई खारेज गरी पाँउ भन्ने निवेदन माथि कारवाही हुँदा मिति २०८१-०८-२८ मा खारेजीको निर्णय भएकोले सो सम्बन्धी सूचनामा मिति २०६५-०२-१० मा दर्ता भएको प्रा.लि.नं.५३३९६ को मध्यपुर इन्भेष्टमेन्ट कम्पनी प्राइभेट लिमिटेड नामक कम्पनी यस कार्यालयको मिति २०८१-०८-२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

# बाघखोरमा बाघको प्रतिमासहितको ‘पार्क’ निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० बैशाख

पर्यटकलाई आकर्षित गर्न यहाँको बेनी नगरपालिका-३ भकिम्लीको बाघखोरमा पार्क निर्माण गरिएको छ।

भकिम्लीको मुसुङ र भुकभुके टोलको शिर, स्वर्गाश्रम र बेलढुङ्गाको फेदीमा प्रयोगविहीन अवस्थामा रहेको सार्वजनिक पाखोलाई संरक्षण र व्यवस्थापन गरेर पार्क बनाइएको हो।

बेनी नगरपालिका र दाताको सहयोग तथा स्थानीयवासीको श्रमदान जुटाएर पर्यटकका लागि आश्रयस्थल भवन, वनभोज स्थल र बाघको प्रतिमा भएको पार्क निर्माण गरेको बेनी नगरपालिका-३ का वडाअध्यक्ष पदम पुनले जानकारी दिनुभयो।

“आर्थिक वर्ष २०७६/७७ मा वडाको प्रस्तावमा बेनी नगरपालिकाले एक लाख रुपैयाँ बजेट विनियोजन गरेर सुरु भएको



पार्क निर्माण योजनाका लागि हरेक वर्ष बजेट विनियोजन गर्दै आएका छौँ,” उहाँले भन्नुभयो, “यसपालि विनियोजन भएको तीन लाख रुपैयाँ बजेटबाट वनभोज स्थलका लागि आवश्यक सामग्री खरिद र घेराबार गरेर पूर्णता दिने तयारीमा छौँ।” पार्क निर्माणमा नगरपालिका र समुदायको १० लाख रुपैयाँ भन्दा बढी खर्च भएको वडाअध्यक्ष पुनले बताउनुभयो। समुन्द्री सतहदेखि करिब दुई हजार २५० मिटर उचाइमा अवस्थित बाघखोरमा पार्क बनाउन बराहताल सामुदायिक वन क्षेत्रमा पर्ने आठ रोपनी जग्गालाई घेराबार गरिएको छ। दुई वटा भवन, सार्वजनिक शौचालय निर्माण भएको पार्कमा खाने पानीको व्यवस्था पनि मिलाइएको निर्माण समितिका अध्यक्ष पृथीप्रसाद पुनले बताउनुभयो। तीन लाख ५० हजार रुपैयाँ खर्च गरेर बाघको प्रतिमा राखिएको छ। स्थानीय दिलमती र सञ्जय सुनारले पानको पात अङ्कित स्तम्भ बनाउनुभएको छ। धनलाल जैसीको सहयोगमा कालिका र मालिका देवीको मन्दिर निर्माण भएको छ। मुसुङ र भुकभुकेदेखि स्वर्गाश्रम जाने पदमार्ग र सडकको छेउमा अवस्थित बाघखोरबाट धौलागिरि, अन्नपूर्ण, गुर्जा हिमशृङ्खला, सूर्योदय, नागबेली परेर बगेको म्याग्दी नदी र म्याग्दीका विभिन्न ग्रामीण बस्तीहरूको दृश्यावलोकन गर्न सकिन्छ। नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास भएको स्वर्गाश्रम र बेलढुङ्गा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकहरूको बसाइ लम्बाउने उद्देश्यले बाघखोरमा पार्क बनाएको निर्माण समितिका अध्यक्ष पुनले बताउनुभयो। उहाँका अनुसार परापुर्वकालमा यहाँ बाघलाई पासोमा पार्न खोर राखिएकाले बाघखोर नामाकरण भएको किंवदन्ती छ।

# वर्षौंदेखि जीर्ण नहर मर्मत नहुँदा किसान मर्कामा

**पोखरापत्र संवाददाता**
पर्वत, १० बैशाख

वर्षौंदेखि जीर्ण अवस्थामा रहेको सिँचाइ नहर मर्मत नहुँदा धानखेतीको पकेट क्षेत्रका रूपमा रहेको पर्वतको फलेवासका किसान पर्कामा परेका छन्। फलेवास नगरपालिका-४, ५ र ६ का किसानले सिँचाइका लागि ४० वर्षदेखि प्रयोग गर्दै आएका उक्त सिँचाइ नहर मर्मत नहुँदा समस्यामा परेका हुन्।

विसं २०४१ मा निर्माण भएको नहर हालसम्म मर्मत नभएको स्थानीय बताउछन्। सात किलोमिटर लामो नहर फलेवास र माटेदवल गरी दुई शाखामा विभाजन गरिएको छ। शाखा नहर पनि मर्मत नहुँदा जीर्ण अवस्थामा पुगेको किसानको गुनासो छ।

नहरबाट करिब एक हजार १०० परिवार लाभान्वित हुँदै आएका फलेवास-६ देविस्थानका कृषक ओमप्रसाद भुसालले जानकारी दिनुभयो। धान, आलु, गहुँ, तोरी, फापर, जौलगायत विभिन्न खाद्यान्न बाली उत्पादन हुँदै आएको उहाँले बताउनुभयो। उक्त नहरबाट २९६ हेक्टर जमिनमा सिँचाइ हुँदै आएको छ।

लमायखोलाको मुहानबाट सुरु हुने फलेवास सिँचाइ नहर जिल्लाको सबैभन्दा ठूलो र लामो नहरका रूपमा चिनिने फलेवास जल उपभोक्ता समितिका सचिव किशोर रेग्मीले जानकारी दिनुभयो।

नहर मर्मत नहुँदा हिउँदे सिँचाइ ठप्प बनेको छ भने वर्षायाममा धानको बीउ राख्न र रोपाइँ गर्न समस्या हुँदै आएको किसान भुसालले गुनासो गर्नुभयो। नहर मर्मतका लागि कुनैपनि निकायवाट पहल नभएको उहाँको भनाइ छ। “सिँचाइ नहर मर्मत नहुँदा पानी पाइँदैन, खेतबारीमा उब्जनी पनि घट्दै गएको छ। कतिपय खेत बाँझै राख्नुपर्ने अवस्था छ। बर्खामा खेती गर्ने ठाउँमा नहर नबन्दा हिउँदमा खेती गर्न पाइएको छैन। हरेक वर्ष पहिरो पन्छाउँदै नहर सफा गर्दै पानी ल्याउनुपर्ने बाध्यता छ”, उहाँले भन्नुभयो। पछिल्लो समय जीर्ण नह् मर्मत नहुँदा समस्या झन् जटिल बन्दै जाँदा बर्सेनि पहिरोको जोखिम पनि बढाएको किसान रमेश चापागाईंले बताउनुभयो। वर्षायाम सुरु भएसँगै नहरका विभिन्न स्थानमा पहिरो खस्ने र संरचना भत्किने क्रम दोहोरिने गरेकाले सरोकार भएका निकायले तत्काल समस्या समाधान गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

किसानले सामान्य मर्मत गरेर प्रयोग गरे पनि केही समयपछि पुनः बिग्रने भएकाले समस्या दीर्घकालीन रूपमा समाधान हुन नसकेको उहाँको भनाइ छ। तीनै तहका सरकारको बेवास्ताका कारण उर्बराभूमि बाँझो हुँदै गएको चापागाईंले बताउनुभयो। एकातिर पानीको स्रोत सुक्ने, अर्कोतर्फ नहर मर्मत नहुने कारणले किसानको खेतीपातीतर्फ आकर्षण घट्दै गएको चापागाईंले धारणा राख्नुभयो। नहर सुधारका लागि बर्सेनि बजेट आउने गरेको भन्दै उहाँले त्यो अत्यन्त न्यून हुने गरेकाले दीर्घकालीन समाधान भने हुन नसकेको बताउनुभयो।

फलेवास जल उपभोक्ता समितिका सचिव रेग्मीका अनुसार नहर मर्मतका लागि आवश्यक बजेट नहुँदा समस्या झन् जटिल बन्दै गएको छ। गत आर्थिक वर्ष २०८१/०८२ मा नहर मर्मतका लागि रु ७० लाख बजेट आएको जनाउँदै उहाँले यस वर्ष घटेर रु १० लाखमा सीमित भएको बताउनुभयो।

“गत वर्ष आएको बजेटले करिब ३०० थान ग्याबियन जाली भर्ने र ४५ मिटर वाल लगाउने काम गर्‍यौं, तर त्यो पनि पर्याप्त भएन। अझै थप काम गर्नुपर्ने देखिएको छ”, रेग्मीले भन्नुभयो। उहाँका अनुसार यस वर्ष आएको रु १० लाखबाट देवीस्थानस्थित नगर अस्पताल नजिकको शाखा नहरमा मेसिनरी वाल लगाउने तयारी गरिएको छ। नहरलाई दीर्घकालीन रूपमा सुधार गर्न कम्तीमा रु तीन करोड आवश्यक पर्ने समितिका सचिव रेग्मीले अनुमान गर्नुभयो। “त्यो रकम उपलब्ध भए अझै करिब पाँच किलोमिटर नहर आरसिसी गर्न पाएमा सिँचाइ तथा पहिरोको समस्या कम हुने थियो”, उहाँले भन्नुभयो।

हाल मुख्य नहरका स्लेपहरू जीर्ण भइसकेका छन् भने शाखा नहरहरूको अवस्था पनि उस्तै छ। माटोको कुलो भएकाले पानी चुहिने समस्या बढ्दै गएको छ। उपभोक्ता समितिका सदस्य दुर्गादत्त तिवारीले नहर मर्मत तथा व्यवस्थापनमा नगरपालिका र प्रदेश सरकारले विशेष पहलसहित समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो।

दीर्घकालीन रूपमा समस्या समाधान नहुँदा स्थानीय किसान प्रत्यक्ष मारमा परेका उहाँको भनाइ छ। तिवारीका अनुसार किसानले दीर्घकालीन समाधानका लागि पक्की नहर निर्माण, पहिरो नियन्त्रणका ठोस उपाय, पानीका स्रोतको संरक्षण तथा पर्याप्त बजेट विनियोजन गर्न सम्बन्धित निकायसँग माग गरेका छन्। सिँचाइको समस्या समाधान नहुँदा कृषिमा निर्भर अधिकांश किसान प्रत्यक्ष मारमा परेका हुन्।

# पेट्रोलियम पदार्थको मूल्यवृद्धिको प्रभाव दरवाङ-मुना-ढोरपाटन निर्माणमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० बैशाख

म्याग्दीको रणनीतिक महत्वको दरवाङ-मुना-ढोरपाटन सडक योजना निर्माण सुस्ताएको छ।

मालिका गाउँपालिकाको केन्द्र दरवाङदेखि धौलागिरिको केन्द्र मुना जोड्ने सडकलाई कालोपत्र र ढलान गरेर स्तरोन्नति गर्न गण्डकी प्रदेश र सङ्घीय सरकारको साझेदारीमा सञ्चालित योजनाले गति नलिदा स्थानीयवासी चिन्तित भएका छन्। मध्यपहाडी लोकमार्गको बागलुङ-काँक्री खण्डको वैकल्पिक मानिएको म्याग्दीदेखि ढोरपाटन हुँदै पूर्वी रुकुम जोड्ने सडक निर्माण पछिल्लो एक महिनायता सुस्त बनेको धौलागिरि-३ मुनाका अगुवा बुद्धिमान शेरपुञ्जाले बताउनुभयो। “यस वर्ष रु २३ करोड बजेट भएको यस योजनाको हालसम्म जम्मा रु पाँच/छ करोड बराबरको काम गरेका ठेकेदारले पछिल्लो एक महिनायता मजदुर र उपकरणको सङ्ख्या घटाएर न्यून बनाएका छन्”, उहाँले भन्नुभयो, “दुई वर्षमा सम्पन्न गर्नुपर्ने योजना निर्माणले गति नलिदा अलपत्र पने जोखिम बढेको छ।”

गण्डकी प्रदेशमार्फत म्याग्दीमा भित्रिएको हालसम्मका मध्ये सबैभन्दा ठूलो र धेरै बजेटको यस योजनामार्फत दरवाङ-धारापानी (सात किलोमिटर) र मच्छिम-मुना (चार किलोमिटर) अक्सफाल्ट प्रबिधिको कालोपत्र र ढलान हुनेछ। प्रशासनिक खर्चबाहेक रु ६७ करोड लागत अनुमान गरिएको योजना कार्यान्वयनका लागि रु ५२ करोड ८० लाख ५३ हजार कबोलेको निर्माण कम्पनीसँग २०८२ असार ११ गते ठेक्का सम्झौता भएको थियो। विसं २०८२ कात्तिक महिनादेखि कार्यक्षेत्रमा परिचालन भएको ठेकेदार कम्पनीले हालसम्म करिब १० प्रतिशत मात्र भौतिक प्रगति भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ।

कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर डा महेन्द्र बानियाँका अनुसार इन्धन र निर्माण सामग्रीको मूल्य वृद्धिको कारण देखाएर ठेकेदारले निर्माण कार्यको गति घटाएका हुन्। “सबैभन्दा धेरै बजेट भएको दरवाङ-मुना-ढोरपाटनको प्रगति नहुँदा बजेट खर्च नहुने र अन्य बहुवर्षीय आयोजनामा काम गरेका व्यवसायीले भुक्तानी नपाउने समस्या देखिएको छ”, उहाँले भन्नुभयो, “इन्धन र निर्माण सामग्रीमा भएको मूल्यवृद्धिले ठेकेदारलाई काम लगाउन समस्या भएको हो।” सङ्घीय र प्रदेश सरकारको (समपुरक) ५०/५० प्रतिशत लागत साझेदारी रहने यस योजनाको ठेक्का अवधी २७ महिनाको हो। सङ्घीय र प्रदेश सरकारले आर्थिक वर्ष २०८१/०८२ मा रु २४ बजेट विनियोजन गरेको यस योजनाका लागि चाालु आर्थिक वर्ष २०८२/०८३ मा रु २३ करोड २२ लाख बिनियोजन भएको छ।

आगामी आवसम्म योजना निर्माण पूरा नभएमा सङ्घीय सरकारले बजेट नपठाउने र प्रदेश सरकारलाई व्ययभार थपिनेछ। विसं २०७१ मा मुनामा सडक पुगेको थियो। कच्ची अवस्थामा रहेको सडक गाउँपालिकाले मर्मत गरेर यातायात सञ्चालनको ब्यवस्था मिलाएको थियो।

म्याग्दीको मङ्गला मालिका, धौलागिरि गाउँपालिकाका साथै बागलुङको ढोरपाटन र पूर्वीरुकुमका बासिन्दालाई पोखरा-काठमाडौँ जावतजावत गर्न ५० किलोमिटर छोटो पर्छ। म्याग्दी १(ख) बाट निर्वाचित प्रदेश सांसद रेशमबहादुर जुग्जालीले रणनीतिक महत्वको सडक निर्माणमा देखिएको ढिलाइप्रति चिन्ता ब्यक्त गर्दै प्रदेश सरकारको ध्यानाकर्षण र स्थानीयस्तरमा कामको गति बढाउन सहजीकरण गरिएको बताउनुभयो।

उक्त सडकअन्तर्गतको धौलागिरि गाउँपालिका-७ धारापानीबाट ताकम हुँदै झिनडाँडा खण्डको छ किलोमिटर दूरीको सडक कालोपत्र, ढलान र ग्राभेलका लागि आर्थिक वर्ष २०८०/०८१ मा रु १४ करोड ६१ लाख ६१ हजारमा ठेक्का सम्झौता भएको थियो।

निर्माण कम्पनीका सञ्चालक भीम सापकोटाले इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिका बाबजुत योजना सम्पन्न गराउन लागिएको बताउनुभयो।

मुना हुँदै मरेनीबाट जलजला-ढोरपाटन हुँदै पूर्वी रुकुमको तकसेरा जोड्ने सडकको मार्ग खुलिसकेको छ। बेनीदेखि तालावाङसम्म १८ किलोमिटर कालोपत्र भएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ०७, माछापुच्छ्रे घुम्ति मार्ग बाटो स्तरउन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः माछापुच्छ्रे घुम्ति मार्ग बाटो स्तरउन्नति
ठेगानाः पोखरा-०७, कास्की
योजना सुरु मिति : २०८२/०९/३० गते
योजना सम्पन्न मितिः २०८३/०१/३० गते
योजनाको कुल लागतः रु. २२,२२,३००।-
महानगरपालिकाबाटः रु. २०,००,०००।-
जनसहभागिताबाटः रु. २,२२,३००।-
उपभोक्ता समिति अध्यक्षः सूर्य बहादुर कार्की

**माछापुच्छ्रे घुम्ति मार्ग बाटो स्तरउन्नति उपभोक्ता समिति पोखरा-०७, कास्की**


# एसईईका विद्यार्थीलाई वडा नं.२६ को डिजिटल प्रविधिको तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १० बैशाख

पोखरा महानगरपालिका वडा नं २६ ले एसईई दिएर बसेका विद्यार्थीका लागि डिजिटल प्रविधिमा आधारित विभिन्न तालिमहरु बुधबार देखि शुरु गरेको छ।

सहभागी विद्यार्थीले रोवटिक्स एण्ड प्रोग्रामिड, भिडियो एण्ड कन्टेन क्रियसन, ग्राफिक्स डिजाईन र व्यक्तित्व विकास सम्वन्धी तालिम प्राप्त गर्नेछन्।



तालिमको शुभारम्भ गर्दै पोखरा महानगरपालिका वडा नं २६ का वडा अध्यक्ष नरेन्द्र थापाले एसईई परिक्षा पछिको समयमा विद्याथीहरुका लागि जटिल हुने भएकाले तालिमले मार्ग निर्देश गर्ने उल्लेख गर्नु भयो।

परिक्षा पछिको फुर्सदको समयमा कुलत र गलत कार्यमा विद्यार्थीहरुको ध्यान जानसक्ने संभावना हुने उल्लेख गर्दै अध्यक्ष थापाले तालिमले त्यसलाई रोक्दै सिर्जनशिल बन्न सिकाउने बताउनु भयो। उहाँले अहिलेको समय सुचना र प्रविधिमा आधारित भएकाले त्यसको सही सदुपयोग गर्न आग्रह गर्नुभयो। डिजिटल प्लेटफर्मले प्रयोग गर्न जाने सिर्जनशिल बन्न सहयोग पुर्‍याउने नत्र गलत क्रियाकलापमा उद्धत हुन मद्दत गर्ने बताउनु भयो।

अध्यक्ष थापाले विद्यार्थीहरुलाई नैतिक र सस्कार शिक्षाका लागि चालु आ.ब.मा रकम विनियोजन भएकाले चाडैनै कार्यक्रम शुरु गर्ने बताउनु भयो। कार्यक्रममा वडा सदस्य सुजता बराल सुनारले वडा नं. २६ ले विद्यार्थीहरुको क्षमता विकासका लागि बार्षिक कार्यक्रममा समेटेर बजेट विनियोजन गरेको उल्लेख गर्नु भयो।

आकार समूहका सदस्य इन्जिनियर सन्दिप पौडेलले तालिमका बिषयहरु विज्ञान र प्रविधिमा आधारित भएकाले यसपछाडीको शिक्षाका लागि समेत सहयोगी हुने उल्लेख गर्नु भयो। तालिममा पोखराकका विभिन्न विद्यालयबाट एसईई दिएर बसेका एक सय ३० जना बालबालिका सहभागी रहेका छन्।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०१/११

यस कम्पनीको मिति २०८३/०१/०६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार साविकको जि. टि. एजुकेशन कर्पोरेशन प्रा.लि. को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नुपर्ने व्यहोर्न पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनीको रजिष्ट्रारको कार्यलयको मिति २०८३/०१/०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी ग्लोबल टच कर्पोरेशन प्रा.लि. (अंग्रेजीमा यसलाई Global Touch Corporation Pvt. Ltd) कायम गरिएको जानकारी गराईन्छ।



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३ रतन पाण्डेदेखि गाईपानीसम्म सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : रतन पाण्डेदेखि गाईपानीसम्म सडक स्तरोन्नती
उपभोक्ता समितिको नाम : रतन पाण्डेदेखि गाईपानीसम्म सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-१३, कास्की
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ३
योजना सम्झौता मिति : २०८२/०९/०६
योजना सुरु मिति : २०८२/०९/०७
योजना सम्पन्न हुने मिति : २०८२/११/२०
महानगरपालिकाबाट : रु १८,००,०००/-
जनसहभागिता : रु २,००,०००/-
योजनाको कुल लागत : रु २०,००,०००/-

**लक्ष्मण विश्वकर्मा**
अध्यक्ष
रतन पाण्डेदेखि गाईपानीसम्म सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-१३, कास्की